डुङ्गेश्वर गाउपालिका
दैलेख

आर्थिक बिकास समितिको विनियमावली-२०७५

आर्थिक बिकास समितिको विनियमावली-२०७५

प्रस्तावना

कृषकहरूलाई टोल बस्तीबाटै संगठित गरी राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको समग्र विकासका लागि कृषि तथा पशुजन्य वस्तुको उत्पादन, उत्पादकत्व वृद्धि, बिक्री वितरण, भण्डारण, प्रशोधन, उन्नत बीउ वृद्धि, स्थानीय प्रजातीहरूको संरक्षण जस्ता कृषि क्षेत्रका विविध कार्यहरू सञ्चालनका लागि गाँउपालीका वडा तहमा संस्थागत संयन्त्र स्थापना गर्न वाञ्छनीय देखिएकाले नेपालको संबिधानमा अधिकार सम्बन्धि अनुसूची ६, ७, ८ र ९ बमोजिम गाउँ वा नगरपालिकाको कार्य बिभाजन नियमावली २०७४ को परिच्छेद ४ अनुसूची ३ (नियम १५ को उपनियम १ बमोजिम) आर्थिक विकास समिति २०७५।३।१४गतेमा सञ्चालित गाँउपालिकाको तेस्रो गाँउ सभाबाट यो समितिको विनियमावली २०७४ तयार पारी लागू गरिएको छ ।

आर्थिक विकासका कार्यक्रमलाई विकेन्द्रीत, बहुपक्षीय, सहभागितात्मक र कृषक समुदायको आवश्यकता एवं मागमा आधारित बनाई विकासको तल्लो तह गाउँ बस्तीहरूमा स्थानीय स्रोत ब्यक्तिहरूको (कृषि तथा गैर कृषि) निर्दिष्ट अनुभवमा आधारित भै अझ बढी अनुभव थप्दै कृषि प्रसारका काममा परिचालन गरी परम्परागत खेती प्रणालीमा सुधार ल्याउने, स्थानीय युवा तथा पढेलेखेका व्यक्तिहरूलाई कृषि क्षेत्रमा परिचालन गर्न गाँउपालीका र नगरपालीकको क्षेत्र भित्रका वडाका बस्तीहरूलाई आवश्यकता र सम्भाव्यताका आधारमा पकेट क्षेत्रको रुपमा विकास गर्ने, कृषि र पशु बिकासमा आधारित उद्यम तथा लघु उद्यमहरूको स्थापना गर्ने, कृषि प्रसार तथा प्रविधि विकासका लागि उपलब्ध सहयोग रकम सेवा माग गर्ने समूह, समिति र सहकारीहरूलाई सम्भाव्यता र आवश्यकताका आधारमा उपलब्ध गराउने र समूहहरूले आफ्नो लगानी एवं सहयोगबाट प्राप्त रकम मिलाई आफूलाई आवश्यक पर्ने प्राविधिक सेवा र कृषि सामाग्रीहरूको व्यवस्था गर्ने गराउने गर्न सकेमा मात्र कृषि प्रतिको आकर्षण बढ्नुका साथै दिगो हुने भएकाले वडा स्तरीय आर्थिक विकास समिति गठन र परिचालनको आवश्यकता महसुस गरिएको हो ।

विकेन्द्रीत, बहुपक्षीय एवं सहभागितात्मक कृषि प्रसारका तरिकाहरू अनुसरण गरी समाजमा रहेको गरिबी तथा बेरोजगारी हटाउन र कृषि र पशु बिकास पेशालाई व्यवसायिक, समुन्नत एवं मर्यादित बनाई कृषकहरूलाई आत्मनिर्भर बनाउन यो विनियमावलीले आवश्यक प्रक्रिया अवलम्बन गर्ने अपेक्षा गरिएको छ ।

परिच्छेद १
संक्षिप्त नाम तथा प्रारम्भ

१. संक्षिप्त नाम तथा प्रारम्भ

क) यो विनियमावलीको नाम **वडा तहको आर्थिक बिकास समितिको विनियमावली, २०७५** रहनेछ ।

ख) यो विनियमावली गाँउपालीकाको गाउँकार्यपालिका र गाउँ सभाबाट पारित भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :

क) **'ऐन'** भन्नाले स्थानीय शासन सञ्चालन ऐन-२०७४ सम्झनु पर्दछ ।

ख) **'नियमावली'** भन्नाले गाँउपालीकाको कार्यसम्पादन नियमावली-२०७५ सम्झनु पर्छ ।

ग) **'विनियमावली'** भन्नाले आर्थिक बिकास समितिको विनियमावली-२०७५ सम्झनु पर्छ ।

घ) **'कृषि'** भन्नाले खास किसानहरूको जीविकोपार्जनका सबै विषयहरू जस्तै खाद्यान्न बाली, फलफूल, तरकारी, पशुपालन, पंछीपालन, मत्स्य पालन, माहुरी पालन, नगदेवाली, रेशम खेती, कृषिवन, डालेघाँस, भुइँघाँस, जडीबुटी आदि कृषिसँग सम्बन्धीत विषय वस्तुहरूलाई सम्झनुपर्दछ ।

ङ) **'कृषक'** भन्नाले जीविकोपार्जनको मुख्य आधार कृषि भएको वा कम्तिमा १ रोपनी वा सो भन्दा बढी जग्गामा मौसमी, बेमौसमी तरकारी खेती, मौरीपालन, पशुपालन तथा खाद्यान्नवाली लगायत कृषिका विभिन्न क्षेत्रमा व्यवसायीक रुपले संलग्न नेपाली नागरिक सम्झनु पर्छ । यो प्रावधानले जग्गा नभएका भूमिहीन तर लिजमा वा अधियाँमा जग्गा लिई काम गरिरहेका कृषकहरूलाई समेत जनाउँछ ।

च) **स्थानीय स्रोत ब्यक्ति'** भन्नाले दिगो कृषिका दुई वा दुईभन्दा बढी प्रविधि अनुसरण गरेका, अगुवा कृषक आधारभूत तालिम प्राप्त गरी प्रदर्शन एवं परीक्षणमा सफल र कृषि प्रविधि प्रवर्द्धनमा संलग्न कृषकहरू, ग्रामीण कृषि/पशु स्वास्थ्य कार्यकर्ता र सरकारी तथा गैर सरकारी संस्थाबाट ३५ दिन भन्दा बढी कृषि सम्बन्धी तालिम लिई कृषि व्यवसायलाई निरन्तरता दिइरहेका, बिभिन्न किसीमका आय आर्जन सम्बन्धि अनुभव भएका तथा निश्चित मापदण्ड पुरा गरेका व्यक्तिहरूलाई सम्झनु पर्दछ ।

छ) **'समूह'** भन्नाले आय आर्जन गर्ने उद्देश्यले संगठित भएका वा सरकारी एवं गैर सरकारी संस्थाहरूबाट गठन भएका समूह, अन्य प्रयोजनले संगठित भए पनि कृषि प्रसारमा काम गर्न इच्छुक एकै टोल बस्तीका साझा उद्देश्य भएका समूह, केन्द्र, समिति, सामुदायिक संस्था र सहकारीलाई सम्झनु पर्छ ।

ज) **'आय आर्जन'** भन्नाले कृषि तथा गैर कृषि क्षेत्रबाट गरिने आम्दानीलाई बुझ्नु पर्दछ ।

झ) **'समिति'** भन्नाले यो विनियमावलीको परिच्छेद १ को दफा २ (ग) बमोजिम गठित आर्थिक विकास समिति सम्झनु पर्छ ।

ञ) **'गाँउपालीका** भन्नाले नेपालको संबिधानमा उल्लेख भए अनुसार गठित गाउँपालिका सम्झनु पर्छ ।

ञ) **'वडा समिति'** भन्नाले संविधानमा उल्लेख भए बमोजिम गठित वडा समितिलाई सम्झनु पर्छ ।

ट) **'सभा'** भन्नाले नेपालको संविधानको धारा २२२ र २२३ बमोजिमको सभा संझनु पर्दछ ।

ठ) **'अनुगमन समिति'** भन्नाले स्थानीय सरकार संचालन संचालन ऐन वमोजिम गठित अनुगमन समिति सम्झनु पर्दछ । .

ड) **'सुपरिवेक्षण'** भन्नाले स्थानीय सरकार संचालन ऐन वमोजिम गठित अनुगमन समितिले गर्ने सुपरिवेक्षण सम्झनु पर्दछ । यो शब्दले सहयोग उपलब्ध गराइरहेका सहयोगी संस्थाहरूले गर्ने सुपरिवेक्षण तथा अनुगमन समेतलाई सम्झनु पर्छ ।

ढ) **'कोष'** भन्नाले गाँउपालीकाको समग्र विकासका लागि प्राप्त गरिएको आर्थिक स्रोतलाई सम्झनु पर्दछ ।

ण) **'वित्तीय संस्था'** भन्नाले आय आर्जनका लागि ऋण प्रवाह गर्ने लघुवित्त संस्था, बैंक र सहकारी संस्थालाई सम्झनु पर्छ ।

त) **'एग्रोभेट'** भन्नाले कृषि तथा पशु सम्बन्धि सामाग्री तथा सेवा उपलब्ध गराउने बैधानिकता प्राप्त संस्थालाई सम्झनु पर्दछ ।

३. समितिको छाप, चिन्ह र कार्यालय

१. समितिको नाममा छुट्टै छाप र चिन्ह हुने छैन ।

३. समितिको कार्यालय सम्बन्धीत गाँउपालीका वडा कार्यालय नै हुनेछ वा गाउँपालिका अनुमतिमा समितिले तोके अनुसार हुनेछ ।

४. आर्थिक बिकास समिति विनियमावलीका उद्देश्यहरु:

१. वडा तहमामा रहेका विभिन्न कृषि, पशु पंक्षी तथा आय आर्जनका समूहहरू सूचीकृत गरी विकेन्द्रित, बहुपक्षीय एवं सहभागितात्मक कृषि विकासमा संगठित बनाउने ।

२. कृषि व्यवसायलाई व्यवसायिकरण, आधुनिकीकरण एवं विविधिकरण गरी उत्पादकत्व एवं उत्पादन वृद्धिका लागि संगठित पहल गर्ने, गराउने ।

३. कृषि विकासका लागि आवश्यक पर्ने स्रोत साधनहरूको व्यवस्थापन गर्ने, गराउने ।

४. दिगो कृषि प्रविधि प्रवर्द्धन गर्ने तथा वडा स्तरमा कृषि प्राविधिकको रुपमा स्थानीय कृषि स्रोत व्यक्तिहरूको विकास र सेवा परिचालन गर्ने, गराउने ।

५. कृषक समूह, समुदायमा आधारित संस्था, जलउपभोक्ता संस्था, कृषि सहकारी संस्था आदिका योजनाहरूलाई गाउँपालीका र योजनाहरूमा समाहित गरी स्रोत साधनमा समूहको पहुँच अभिवृद्धि गर्ने ।

६. सहकारी, वित्तीय संस्था, एग्रोभेटहरू लगायतका विभिन्न संघ संस्था तथा कार्यालयहरूसँग समन्वय र सहकार्य गरी कृषि, पशु पंक्षी विकासको लागि प्राविधिक र आर्थिक सहयोग जुटाउने ।

७. बिभिन्न सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी कृषि प्रसारका नयाँ नयाँ प्रविधिहरूलाई बढवा दिने ।

९. वडालाई संभाव्यताको आधारमा गाउँपालिकासँग समन्वय गरी समग्र कृषि, तथा पशु पालन पकेट क्षेत्र घोषणा गरी व्यवसाय प्रवर्द्धन गर्न बिस्तृत कार्य योजना बनाई कार्यान्वयनमा ल्याउने ।

१०. वडा तहमा कृषि, पशुपंक्षी तथा आय आर्जन सम्बन्धि कार्यक्रमहरुलाई एकद्वारा प्रणाली मार्फत कार्यान्वयन, अनुगमन, समिक्षा तथा नियमन गर्ने, गराउने ।

परिच्छेद -२
आर्थिक विकास समिति सम्बन्धी व्यवस्था

५.१ आर्थिक विकास समिति गठन:

गाउँपालीको बिभाजित वडा अनुसार बढीमा ११ सदस्यसम्म रहेको एक आर्थिक विकास समितिका गठन गरिने छ। उक्त समितिमा निम्न अनुसारका व्यक्तिहरू रहने छन् :

१) सम्बन्धित वडा अध्यक्ष संयोजक
२) महिला वडा सदस्य एक जना - सदस्य
३) दलित र जनजाति कृषक प्रतिनिधि एक एक जना गरी दुई जनासम्म - सदस्य
४) वडास्तरीय कृषक समूह वा सञ्जाल प्रतिनिधि एकजना - सदस्य
५) सम्बन्धित वडा भित्र रहेका एग्रोभेटहरु मध्येबाट एक जना - सदस्य
६) कृषि तथा पशु पंक्षी विकास सम्बन्धि व्यवसायिक उद्यमीहरुमध्येबाट एक जना - सदस्य
७) स्थानीय कृषि स्रोत व्यक्तिहरु मध्येबाट एक जना - सदस्य
८) आर्थिक विकास शाखाका बिषयगत प्रमुखहरु मध्येबाट एक जना (कृषि, पशु, महिला, घरेलु, वन) - सदस्य
९) वडातहमा कृषि, पशु पंक्षी विकास र आय आर्जन सम्बन्धि कार्यरत संस्थाहरुमध्येबाट एक जना - सदस्य
१०) वडा भित्र स्थापना भएका सहकारी/बित्तिय संस्थाहरू मध्येबाट एक जना - सदस्य
११) कृषि तथा पशु पंक्षी विकासमा उल्लेखनीय कार्य गरेका व्यक्तिहरुबाट एक जना। - सदस्य
१२) सामुदायिक बनहरु मध्येबाट एक जना महिला - सदस्य
१३) सम्बन्धीत वडाको वडा सचिव -सदस्य सचिव

स्पष्टिकरण: *माथि उल्लेखित संरचना निर्माण गर्दाको अवस्थामा संख्या तथा प्रतिनिधित्वमा सम्बन्धीत वडाको आवश्यकता अनुसार फेरबदल हुन सक्ने छ। कम्तिमा ३३% महिला संख्या हुनु पर्दछ। समितिलाई आवश्यक परेको खण्डमा बिषय बिशेषज्ञलाई आमान्त्रित गर्न सक्ने छ।*

५.२ आर्थिक विकास समितिका काम, कर्तव्य र अधिकार

आर्थिक विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१) वडा तहमा गठित २) वडालाई सम्भाव्यताका आधारमा पकेट क्षेत्रमा विभाजन गरी सोहि अनुरुप योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

३) टोल टोल तथा समुहबाट पकेट क्षेत्रको आधारमा प्रस्तावहरू माग गर्ने, स्वीकृतिका आधारहरु तयार पार्ने र सोही आधारमा प्राथमिकिरण गर्ने र उपयुक्त प्रस्तावहरू स्वीकृत गर्न गाउँपालिकामा शिफारिस गर्ने ।

४) समितिका लागि आवश्यक पर्ने नियमहरू तर्जुमा गर्ने,

५) आय आर्जन प्रवर्द्धनका लागि तालिम, गोष्ठि, परीक्षण, प्रदर्शन जस्ता कार्यहरू गर्ने, गराउने ।

६) कृषि, पशुपालन आधारित लघु उद्यमहरू संचालन गर्न सहयोग पुऱ्याउने तथा बजार केन्द्रहरूमा हाटबजार सञ्चालन एवम् उत्पादित वस्तुको बजार व्यवस्थापन गर्ने, गराउने ।

७) निर्दिष्ट विषयका स्थानीय कृषि स्रोत व्यक्तिहरू पहिचान गर्ने, विकास गर्ने र आफ्नो वडामा परिचालन गर्ने गराउने र अभिलेख अद्यावधिक गर्दै जाने ।

८) स्थानीय कृषि स्रोत व्यक्तिको कार्यक्षमता बढाउन उनीहरूलाई तालिम, अन्तरक्रिया, गोष्ठी, भ्रमण आदिको व्यवस्था गर्ने र नयाँ प्रविधिहरूको परीक्षण तथा प्रदर्शन गर्न आवश्यक सहयोग गर्ने ।

९) स्थानीय कृषि स्रोत व्यक्तिहरूको घरगोठ, खेतबारी, बगैंचा आदिलाई नमूना फार्म बनाउन र बीउबिजन तथा बेर्नाहरूका लागि स्रोत केन्द्र बनाउनका लागि सहयोग गर्ने ।

१०) कृषि विकासका लागि वडा तहमा काम गर्दै आएका संस्था तथा निकायहरूद्वारा आय आर्जनसँग संलग्न समूहहरूलाई सेवा माग गर्न सहयोग पुऱ्याउने वा उत्प्रेरित गर्ने ।

११) प्रस्ताव स्वीकृत भएका समूह वा सहकारीहरुलाई वडा समिति मार्फत रकम निकासाको व्यवस्था गर्ने ।

११) सहयोग गरिएका समूह तथा सहकारीहरुले गरेका क्रियाकालापहरुको अनुगमन तथा सुपेरिवेक्षण गर्नको लागि गाँउपालीका र नगरपालीका प्रतिनिधि तथा त्यस क्षेत्रमा कार्यरत संघ सस्थाद्वारा सम्मिलित अनुगमन समिति गठन गर्ने वातावरण मिलाउने ।

१२) सेवा लिने समूह तथा वडा स्तरमा अनिवार्य रुपमा सार्वजनिक सुनुवाई/सार्वजनिक लेखापरीक्षण गर्ने, गराउने ।

५.३ सल्लाहकार समिति गठनः

१) आर्थिक विकास समितिले आवश्यकता अनुसार सल्लाहकारहरूको नियुक्ति गरी सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

२) सल्लाहकारहरूले आवश्यकता अनुरुप समितिको बैठकमा भाग लिनेछन् र समितिको काम कार्वाहीमा आवश्यक परामर्श दिनेछन् ।

परिच्छेद ३
कोषको स्थापना र संचालन सम्बन्धी व्यवस्थाः

६. कोषको स्थापना र संचालन सम्बन्धी व्यवस्थाः

६.१ वडामा देहाय बमोजिमको श्रोतबाट रकम प्राप्त हुन सक्नेछः

क) गाँउपालीका र नगरपालीकाबाट प्राप्त अनुदान,

ख) समितिको आयआर्जनबाट प्राप्त आम्दानी,

ग) विभिन्न व्यक्तिहरूबाट प्राप्त अनुदान/सहयोग,

घ) विविध आम्दानी ।

६.२ समितिले आफ्नो नामबाट पायक पर्ने बैङ्क तथा वित्तीय संस्थाहरूमा खाता खोल्न सक्नेछ । खाता समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन गरिने छ। यदि वडा कार्यालयको अग्रिम बैंक खाता भएमा यस समितिको नाममा छुट्टै बैंक खाता खोलिने छैन ।

७. आर्थिक विकास समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

क) अध्यक्षको काम, कर्तव्य र अधिकारः

१. आर्थिक विकास समितिको बैठकको अध्यक्षता गर्ने ।

२. बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

३. बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

४.गाउँपालिकाको आर्थिक बिकास समितिले निर्माण गरेका नीति-नियम र निर्देशन अनुरुपका कामहरू गर्ने, गराउने ।

५. आर्थिक विकास समितिका संस्थागत विकासका लागि कामहरू गर्ने ।

६. सहयोगी निकायहरूसँग समन्वय र सहकार्य गरी वडामा आर्थिक विकासका गतिविधिहरू सञ्चालन गर्ने ।

७. गाँउ सभाले दिएको काम कर्तव्य र अधिकारको प्रयोग गर्ने, गराउने ।

८. अन्य पदाधिकारी तथा सदस्यहरूको कामको बाँडफाड गर्ने ।

ख) सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

१. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।

२. अध्यक्षसँग परामर्श गरी बैठकको प्रस्तावहरू तयार पार्ने ।

३. वार्षिक तथा मासिक प्रतिवेदन तयार गरी समिति र अन्य सरोकारवाला निकायहरूमा पेश गर्ने ।

४. अभिलेख राख्ने तथा समितिका कागजपत्रहरू सुरक्षित राख्ने ।

५. बैठक तथा आर्थिक बिकास समिती र गाउँपालिकाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

६. संस्थाको कोषको रेखदेख र नियन्त्रण गर्ने ।

७. समितिको बैठक तथा आर्थिक विकास समितिमा आर्थिक प्रतिवेदन तयार पारी पेश गर्ने ।

८. प्रस्तावित वार्षिक बजेट तयार पारी कृषि विकास आर्थिक विकास समितिमा प्रस्तुत गर्ने ।

९. वार्षिक रुपमा समितिका कारोबारहरूको बिवरण गाउँपालिकामा पेश गर्ने ।

१०. समितिको कारोबारहरू दुरुस्त र पारदर्शी बनाउने ।

११. समितिलाई आर्थिक रुपमा सक्षम बनाउन विविध कार्यहरू गर्ने, गराउने ।

ग) सदस्यहरूको काम, कर्तव्य र अधिकार :

१. बैठकमा सहभागी भै प्रस्तावहरूमा आफ्नो राय दिने ।

२. विवादित विषयमा मतदान गरी निर्णयमा पुऱ्याउने ।

३. विभिन्न क्रियाकलापहरूमा सहभागी रहेर दिएको जिम्मेवारीहरु कार्यान्वयन गर्ने ।

८. बैठक सम्बन्धी व्यवस्था :

आर्थिक विकास समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

१. समितिले आफ्नो बैठक बस्नु पूर्व सम्बन्धित पदाधिकारीहरुलाई जानकारी गराउने छ ।

२. नयाँ समिति गठनका लागि आर्थिक विकास समितिले गाँउ र नगर सभा मार्फत आवश्यक व्यवस्था मिलाउने छ ।

३. आर्थिक विकास समितिका बैठक सामान्यतया २ महिनाको १ पटक बस्ने छ, तर आवश्यक परेमा जतिसुकै पटक पनि बस्न सक्नेछ ।

४. समितिको बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुने छ । निर्णय प्रकृया उपस्थित सदस्यहरूको बहुमतको आधारमा गरिने छ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

परिच्छेद ४
समितिको पद रिक्तता, राजिनामा स्वीकृति र पदपूर्तिको व्यवस्था

९. समितिको पद रिक्तता:

देहायको अवस्थामा समितिका पदाधिकारी सदस्यहरूको पद रिक्त भएको मानिने छ :

१. राजिनामा स्वीकृत भएमा,

२. मृत्यु भएमा,

३. विना सूचना लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित रहेमा,

४. कार्यसमितिबाट अनुशासनको कार्वाही भई निष्काशित भएमा,

५. प्रतिनिधित्व गरेको समूह वा संस्था विघटन भएमा,

६. अविवाहित महिला भएमा विवाह गरि अन्यत्र गएमा,

७. नैतिक पतन देखिने फौजदारी अभियोग लागि अदालतबाट दोषी प्रमाणित भएमा ।

८. मस्तिष्क बिग्रेको प्रमाणित भएमा ।

१०. समितिका पदाधिकारी तथा सदस्यहरुको राजिनामा, स्वीकृति र पदपूर्ति

१) समितिका अध्यक्षले गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख मार्फत आफ्नो राजिनामा पेश गर्ने छन् । र गाउँकार्यपालिको बैठकबाट राजिनामा स्वीकृत गरिनेछ ।

२) अन्य पदाधिकारी तथा सदस्यहरूले अध्यक्ष समक्ष राजिनामा पेश गर्ने छन् र अध्यक्षले राजिनामा स्वीकृत गर्न सक्नेछन् ।

११. पदपूर्ति:

समितिको पदावधिको समाप्त नहुदै कुनै पद रिक्त रहेमा समितिको निर्णय अनुसार बाँकी अवधिको लागि पदपूर्ति गरिनेछ ।

१२. अविश्वासको प्रस्ताव र कार्यसमिति विघटन :

१. समितिका पदाधिकारी सदस्यहरू उपर लिखित रुपमा अविश्वासको प्रस्ताव दर्ता गर्न सकिने छ ।

२. अविश्वासको प्रस्ताव दर्ता गर्दा एक तिहाई सदस्यहरूले लिखित रुपमा माग गरेको हुनु पर्नेछ ।

३. समितिका अध्यक्षले अविश्वासको प्रस्ताव दर्ता भएको १५ दिनभित्र विशेष बैठक बोलाई प्रस्तावमाथि छलफल गराउनु पर्नेछ ।

४. जुन पदाधिकारी सदस्य उपर अविश्वास प्रस्ताव पेश गरिएको हो सो पदाधिकारीलाई सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाइहरू राख्न अनुमति दिइनेछ । बैठकको कूल सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा निज पदाधिकारी तथा सदस्यहरू पद मुक्त हुनेछन् । दुईतिहाई भन्दा बढी पदाधिकारी सदस्य उपर अविश्वासको प्रस्ताव दर्ता भै विशेष बैठकबाट पारित भएमा कार्य समिति स्वतः विघटन हुनेछ र तत्कालका लागि बैठकले ३ महिना भित्र समिति गठन गर्ने गरी तदर्थ समिति गठन गर्न सक्नेछ ।

परिच्छेद ५
लेखा परीक्षण सम्बन्धी व्यवस्थाः

१३. लेखा परीक्षण सम्बन्धी व्यवस्थाः

१. समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम गाउँ/नगरपालिकामा राखिने छ ।

२. वडामा प्राप्त रकमको हिसाव किताव कार्यक्रम अनुसार अलग अलग राख्ने व्यवस्था मिलाउने छ ।

३. सहयोगी संस्थाको आफूले सहयोग गरेको रकमको आय-व्यय विवरण जुनसुकै बेला पनि हेर्न सक्नेछन् ।

१४. विविधः

१. यो विनियमावली गाउँपालीका र नगरपालीका को अभिन्न अंगको रुपमा रहने छ । यस अन्तर्गत संचालित गतिविधिहरूलाई सघाउ पुऱ्याउनु गाउँपालीका र दायित्व र कर्तव्य हुनेछ ।

२. यस विनियमावलीमा परेका कुराहरू यसै विनियमावली अनुसार र नपरेका कुराहरू गाउँ तथा नगरपालिका कार्य सम्पादन नियमावली २०७५ तथा गाँउपालीका र नगरपालीका को निर्णयानुसार हुनेछ ।

३. गाउँपालीको वडामा रहेका समितिहहरूको व्यवस्थापनका लागि वडा समितिलाई क्रियाशील बनाउने छ र वडा समितिले योजना तर्जुमाका लागि वडा तहदेखि नै समूह परिचालनको व्यवस्था अनिवार्य गर्नेछ ।

१५. विनियमावलीको संशोधनः

यो विनियमावलीमा उल्लेखित कुनै कुराहरू संशोधन गर्नु परेमा गाँउपालिकाको कार्यबिभाजन नियमावली, २०७५ मा ब्यवस्था भएबमोजिम बिधेयक समिति मार्फत गाँउ सभाको बैठकको निर्णयबाट गर्न सकिनेछ ।

१६. व्याख्या तथा बाधा अड्काउ/फुकाउः

यो विनियमावलीको व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार विनियमावलीको अधिनमा रही आर्थिक विकास समिति मार्फत गाउँपालिकाको बिधेयक समितिलाई हुनेछ ।

१७. बचाउ

यो विनियमावली लागू हुनुभन्दा पहिले कृषि, पशुपंक्षी बिकास सम्बन्धी वडातहमा भए गरेका कामहरू यसै विनियमावली अनुरुप भए गरेको मानिने छ ।

प्रमाणित गर्ने अधिकारी :

नामः **पदः**

हस्ताक्षर : **गाँउसभाबाट पारित मिति :**